"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं. १

च.नं. ४७६(ख)

मिति: २०७८।०८।२४

विषय :- निशुल्क छात्रवृत्तिसम्बन्धी सूचना

श्री सबै संस्थागत विद्यालय,
विराटनगर ।

प्रस्तुत विषयमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम लक्षित समूहलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि मिति २०७८।०८।२० गते बसेको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम यस महानगरपालिका अन्तरगतका संस्थागत विद्यालयहरुले आ-आफ्ना विद्यालयमा अध्ययनरत प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा १२ सम्मका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने प्रयोजनका लागि मिति २०७८।०८।२३ गतेको राष्ट्रिय दैनिक उदघोष पत्रिकामा प्रकाशित सूचना बारे सबै विद्यार्थीहरुलाई सूचित गराई निवेदन लिने र तपसिल बमोजिम तोकिएको प्रतिशतमा आवश्यक परेमा लक्षित समूह बीच प्रतिस्पर्धा गरी गराई वा विद्यालयले प्रचलित ऐन नियम अनुसार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली सहितको विवरण मिति २०७८ पौष मसान्तसम्ममा अनिवार्य रुपमा शैक्षिक प्रशासन महाशाखामा पेश गर्नु हुन अनुरोध छ ।

तपसिल

निशुल्क छात्रवृत्तिका लागि लक्षित समूह र छात्रवृत्तिका लागि प्रतिशत निम्न बमोजिम हुनेछ

| लक्षित समूह | छात्रवृत्ति प्रतिशत (कुल छात्रवृत्ति संख्यामा आधाररित) |
|---|---|
| १ विपन्नता | ३६ प्रतिशत |
| २. जेहेन्दार | २० प्रतिशत |
| ३ जनजाति | १० प्रतिशत |
| ४. मुश्लिम (अल्प संख्यक) | १० प्रतिशत |
| ५. दलित | ८ प्रतिशत |
| ६ अपाङ्गता भएका | ८ प्रतिशत |

| | |
|---|---|
| ७ शहीद सन्तती | २ प्रतिशत |
| ८ बेपत्ता परिवारको सन्तती | २ प्रतिशत |
| ९ मधेश आन्दोलनका घाइते परिवारका सन्तती | २ प्रतिशत |
| १० द्वन्द्वपीडित परिवारका सन्तती | २ प्रतिशत |

माथि उल्लेखित प्रत्येक आरक्षित समूहको ५० प्रतिशत कोटा छात्राहरुका लागि सुरक्षित गर्नु पर्ने र छात्राबाट कोटा पूर्ति हुन नसकेमा छात्रलाई प्रदान गर्नु पर्नेछ ।

दुर्गाप्रसाद खतिवडा
नगर शिक्षा अधिकारी
उपसचिव-दशौं
नगर शिक्षा अधिकारी
अधिकृत दसौं

बोधार्थ

श्री हिसानको कार्यालय जिल्ला मोरङ ।
श्री प्याब्सन नगरको कार्यालय
श्री एन.प्याब्सन नगरको कार्यालय

छात्रवृत्तिसम्बन्धी सूचना यस महानगरपालिकाको **Website – WWW.biratnagarmun.gov.np** मा हेर्नु हुन अनुरोध छ ।